भैरवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भैरीकालिकाथुम, दैलेख

कर्णाली प्रदेश, नेपाल

## संक्षिप्त सूचीको लागि आवेदन पेश गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७५।०३।०५)

नेपाल सरकार र फिनल्याण्ड सरकार बीच सम्पन्न द्विपक्षिय सम्झौता अनुसार यस गाउँपालिकामा कार्यरत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (Rural Village Water Resources Management Project - RVWRMP) को सहयोगमा सञ्चालित हुने जलस्रोत विकास तथा जीविकोपार्जन सम्बन्धी विभिन्न क्रियाकलापहरूमा उपभोक्ता समुदायलाई प्राविधिक तथा सामाजिक परिचालनमा सहजीकरण गर्ने सम्भावित सहयोगी संस्थाहरूको संक्षिप्त सूची तयार गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक गैह्रसरकारी संस्थाहरूबाट आवेदन आव्हान गरिएको छ ।

शर्तहरू:

१. आवेदन गर्ने संस्था संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा गैह्र नाफामूलक "गैह्र सरकारी संस्था" को रूपमा दर्ता भई नियमानुसार नवीकरण भएको हुनु पर्नेछ र सम्बन्धित कर कार्यालयबाट करछुट प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ । आवेदन फाराम खरिद गर्दा यी कागजातहरू र आवेदन दस्तुर तिरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । मूल्य अभिवृद्धि करमा दर्ता भएका संस्थाले समेत आवेदन गर्न सक्नेछन् तर गाउँकार्यपालिकाले मु.अ.क बापत कुनै रकम भुक्तानी गर्नेछैन ।

२. आवेदन फारम रू. २०००। (पछि फिर्ता नहुने) बुझाई गाउँ कार्यपालिका कार्यालय, भैरीकालिकाथुम तथा परियोजनाको प्राविधिक सहयोग इकाई, दैलेखबाट प्राप्त गर्न सकिनेछ । आवेदन दस्तुर गाउँकार्यपालिकाको खाता नं. ४३६०३०६०१८१०३ (राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, दुल्लु) मा दाखिला गर्नु पर्नेछ । आवेदन फाराम गाउँ कार्यपालिकाको कार्यालय, भैरवी र परियोजनाको प्राविधिक सहयोग इकाई, दैलेखमा बुझाउन सकिनेछ ।

३. आवेदन गर्ने संस्था ग्रामीण क्षेत्रमा जलस्रोत विकास (खानेपानी/सिँचाई/लघु जलविद्युत/सरसफाई) योजना कार्यान्वयन (Scheme Implementation) वा अन्य सामुदायिक विकास कार्यमा कम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

४. संक्षिप्त सूचीको लागि प्रतिस्पर्धा गर्न चाहने संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निर्धारित फाराम भरी आवश्यक कागजपत्र सहित गाउँकार्यपालिकाको कार्यालय, भैरवि वा परियोजनाको प्राविधिक सहयोग इकाई, दैलेखमा बुझाउन सकिनेछ । आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट आवेदन बुझाउन सकिनेछ ।

५. संक्षिप्त सूचीको लागि मूल्याङ्कन गर्दा परियोजनाको स्वीकृत निर्देशिका बमोजिम गरिनेछ र निर्धारित योग्यता हासिल गरेका संस्थाहरू मध्येबाट तीनवटा संस्थाहरूलाई प्राप्ताङ्कको योग्यताक्रमको आधारमा संक्षिप्त सूचीमा समावेश गरिनेछ ।

६. संक्षिप्त सूचीमा पर्न सफल संस्थाहरूको सूची गाउँकार्यपालिका कार्यालयको सूचना पाटी र परियोजना प्राविधिक सहयोग इकाईको सूचना पाटीमा टाँस गरिनेछ ।

७. रित नपुगी आएको वा म्याद नाघी प्राप्त भएको आवेदन उपर कुनै कार्यवाही हुनेछैन ।

८. कुनै कारण जनाई वा नजनाई प्राप्त आवेदनहरू पूरै वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिका परियोजना व्यवस्थापन समितिमा रहेको छ ।

९. अन्य कुराहरू ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको परियोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

१०. थप जानकारी यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत